नेपाल सरकार
उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय
# कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

मितिः २०८२/४/११

# वार्षिक विवरण अभिलेखनका पत्रहरू स्वचालित रूपमा प्राप्त हुने प्रबन्ध मिलाइएको सूचना।

मिति २०८२/३/३२ गते राती १२:०० बजे यस कार्यालयवाट प्रकाशित सूचनाका सन्दर्भमा कम्पनी ऐन, २०६३ (संशोधन सहित) को दफा ८१ बमोजिम कम्पनीहरूले CAMIS प्रणाली मार्फत पेश गरी दफा ८० को उपदफा (३) बमोजिम स्वीकृत भएका आवेदनहरूमा लागेको जरिवाना रकम अनलाइन मार्फत भुक्तानी गरेर बुझाउने बित्तीकै स्वचालित रूपमा वार्षिक विवरण अभिलेखनको पत्र प्राप्त हुने प्रबन्ध मिलाइएको छ।

यस अघि जरिवाना रकम बुझाइसकेका कम्पनीहरूले देहायको प्रकृया अपनाइ स्वचालित रूपमा विवरण अभिलेखनको पत्र प्राप्त गर्न सक्नेछन:

१. https://camis.ocr.gov.np वाट कम्पनीले लगईन गरेपछि आउने Dashboard मा रहेको Fine & Revenue (जरिवाना र राजस्व) मा क्लिक गर्ने।
२. तत्पश्चात तल आउने Draft (मस्योदा) ट्याबमा क्लिक गरी सूचीमा रहेको चिठी प्राप्त गर्नुपर्ने Annual Report Application को View बटन क्लिक गरी त्यसपछि आउने Submit बटनमा क्लिक गर्ने।
३. I Agree क्लिक गरी स्वघोषणा स्वीकार गरेपछि Signed Documents सूचीको Annual Report ट्याबमा स्वचालित रूपमा पत्र सिर्जना हुनेछ।

सम्बन्धित कर्मचारीको स्वीकृतीवाट अभिलेखन भई हस्ताक्षर गर्न वाँकी रहेका तथा CAMIS प्रणालीवाट स्वचालित रूपमा अभिलेखन भएका सवै Application का पत्रहरू उल्लेखित विधिवाटै प्राप्त गर्न सकिने छ।

जरिवाना भुक्तानी गर्न वाँकी रहेका कम्पनीहरूले अबिलम्ब जरिवाना रकम बुझाइ अभिलेखनको पत्र प्राप्त गर्नु हुन समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

२०८२।४।११
देवीप्रसाद सुवेदी
नि. रजिष्ट्रार



CamScanner